# वार्षिक नीति तथा कार्यक्रम

## आ.व. ०७९/०८०

**सभापोखरी गाउँपालिका**

## गाउँ कार्यपालिकाको कार्यालय

**बाह्रविसे संखुवाभा**

**१ नं. प्रदेश, नेपाल ।**

**मितिः २०७९।०३।१०**

**प्रस्तुतकर्ता :**

भीम बहादुर लिम्बु
गाउँपालिका अध्यक्ष

" हाम्रो पालिका – राम्रो पालिका "

*हाम्रो गाउँपालिकाको सान समृद र सुशासनको पहिचान*

**गाउँ सभा सदस्य ज्यूहरु,**

१. सभापोखरी गाउँपालिकाको आ.व. २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु ।

२. लोकतन्त्र प्राप्तिको सङ्घर्षमा जीवन उत्सर्ग गर्नुहुने सहिदहरुप्रति श्रद्धाञ्जली अर्पण गर्दछु । सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रहित, राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाई गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मानसहित स्मरण गर्न चाहन्छु ।

३. यो सरकार जनताको सेवा, सुरक्षा, समृद्धि र सुखका लागि जनताले बनाएको शासकीय व्यवस्था हो । हाम्रो स्थानीय सरकार जनताको सेवा र सुरक्षामा सदैव अडिग रहनेछ ।

४. विकास र समृद्दीका लागि शान्ति र स्थायित्वमा यस स्थानीय तहले गम्भीरताका साथ ध्यान दिनेछ । तथ्य, तर्क र कनूनका आधारमा नागरिकका जायज मागहरुसम्बोधन हुनेछ ।

५. राष्ट्रियता, लोकतन्त्र, विकास निर्माण, सुशासन र समृद्धिका क्षेत्रमा सर्वपक्षीय सहमतिका साथ अघि बढ्न सभापोखरी गाउँपालिका प्रतिबद्ध छ । यो प्रतिबद्धता पुरा गर्नसभापोखरी गाउँपालिकाका सबै राजनीतिक दल र अन्य सरोकारवालाको साथ र सहकार्यको लागि आव्हान गर्दछ ।

६. वर्तमान पुस्ताले नै अनुभूत गर्ने गरी विकास र समृद्धि हासिल गर्नेतर्फ केन्द्रित भएर यस सरकारले आर्थिक वर्ष २०७९/०८० का नीति तथा कार्यक्रमहरु तय गरेको छ । यो आर्थिक वर्ष सभापोखरी गाउँपालिकाको लागि समृद्धिको इतिहास रच्ने आधार वर्ष हुनेछ ।

७. भौतिक पूर्वाधार विकास तर्फ गाँउपालिकाको प्रशासकिय भवन, बाँकि रहेका वडा कार्यालयका भवन,स्वास्थ्य संस्थाका भवन र सामुदायिक भवनहरू निर्माणमा विशेष जोड दिईनेछ ।

८. हाम्रा नीतिहरु प्रगतिशील र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने किसिमका हुनेछन् । विकास र सेवा प्रवाहलाई सहजीकरण गर्ने गरी अपूर्ण नीति र कानूनलाई पूर्णता दिइनेछ, आवश्यकता अनुसार नयाँ नीति र कानून निर्माण गरिनेछ ।

**गाउँसभा सदस्य ज्यूहरू,**

अब म सभापोखरी गाउँपालिकाको आ.व. २०७९।०८० को नीति, कार्यक्रम पेश गर्ने अनुमति चाहान्छु ।

## १. आर्थिक विकास सम्बन्धी नीति

### कृषि

९. कृषि क्षेत्रमा सामुहिक खेति प्रणाली अवलम्बन गरी पकेट क्षेत्र मार्फत कार्यक्रम अगाडी बढाइने छ ।

१०. कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न कृषि समुह र कृषकहरुलाई आधुनिकीकरण र व्यवसायीकरण गरिनेछ ।

११. कृषि उपजको सम्भावना भएका क्षेत्रहरूको पहिचान गरि उत्पादनमा वृद्धि गर्न पकेट क्षेत्रको घोषणा गरि कृषकहरूलाई आत्मनिर्भर बनाउन कृषि पर्यटन क्षेत्र घोषणा गर्न आवश्यक नीतिहरू अवलम्वन गरिनेछ ।

१२. निर्वाहमुखी कृषि पद्दतिलाई पूर्ण रुपमा व्यवसायिक कृषितर्फ रुपान्तरण का लागि आवश्यक कार्यक्रम तय गरिनेछ ।

१३. अर्गानिक खेती प्रणालीलाई प्रोत्साहन र कृषिजन्य उपजको आयातलाई निरुत्साहन गर्दै निर्यात वृद्धि गरिनेछ

१४. कृषिजन्य उपजको भण्डारणका लागि शीत भण्डारणको व्यवस्था गर्न आवश्यक नीति अवलम्बन गरिनेछ।

१५. कृषिमा आधुनिकीकरण गरी आवश्यक विउ मल को उचित प्रवन्ध गर्न प्राविधिक र व्यवस्थापकीय प्रवन्ध गरिने नीति अवलम्बन गरिनेछ।

१६. स्थानीय उत्पादनलाई प्राथमिकता दिनका लागि कृषि पेशालाइ सम्मानित र मर्यादित बनाउनुका साथै उत्कृष्ट कृषकहरुको पहिचान गरी पुरस्कृत प्रोत्साहन र बजारीकरणको नीति तय गरिनेछ।

१७. सभापोखरी गाउँपालिकामा कृषि पेशामा आवद्ध कृषकहरुको आयआर्जन वृद्धि तथा मौसमी बेरोजगारीलाई न्यूनीकरण गर्न कृषि सहकारी सञ्चालनलाई प्रोत्साहन गरिनेछ।

१८. लोपोन्मुख तथा मौलिक बाली संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धन कार्यमा जोड दिने, यसको लागि ग्रामीण स्तरमा बिउ बैंक (seed bank) स्थापना गर्न आवश्यक नीति तय गरिनेछ।

१९. फलफुल आलु  र अन्य तरकारी भण्डारणका लागि सेलार स्टोरको निर्माण तथा उचित बजारीकरणको व्यवस्थाका लागि सम्बन्धित निकाय संघ सस्था सित समन्वय गरिनेछ।

२०. ठाउँ तथा हावापानी अनुसार सुहाउँदो फलफुलहरुको बोट बिरुवा लगाई क्षेत्र बिस्तार गरिने छ साथै वालि बिमा गर्न सकिने छ।

२१. गरीब तथा विपन्न परिवारहरुलाई पहिचान गरी तरकारी खेतीमा अनुदान दिने  नीति लिईनेछ।

२२. स्थानिय उत्पादनलाई प्राथमिकता दिईने छ  र उत्पादित बस्तु तथा समाग्रीहरुलाई व्यवस्थित गरिनेछ।

२३. सभापोखरीको आम्दानीको ठूलो मेरुदण्ड अलैंचि खेती विस्तार गर्न नर्षरी स्थापना गरि रोग निर्धारण गर्न अलैचि तथा रुद्राक्ष जस्ता महत्वपुर्ण बस्तुको अनुसन्धान केन्द्रको स्थापना गर्न विषय विज्ञहरुसंग समन्वय गरि सहयोग माग्ने नीति ल्याइनेछ।

२४. एक वडा एक कृषि तथा एक पशु प्राविधिक व्यवस्थापन गरिनेछ।

२५. रुद्राक्षलाई नगदेवालीको रुपमा मान्यता दिइनेछ।

२६. जडिवुटिजन्य टिम्मुर, मेल, जलविर, भक्यौलो, अह्रो, बह्रो, अमला र बेल सजिवन जस्ता प्रजातिलाई संरक्षणमा सहयोग गर्ने नीति ल्याइनेछ।

**पशुपन्छी**

२७. पशुपन्छि जन्य उपजको सम्भावना भएका क्षेत्रहरूमा पशु व्यवसाय मार्फत उत्पदनमा वृद्धि गर्न पकेट क्षेत्रको घोषणा गरि पशुपन्छी पर्यटन क्षेत्र घोषणा गर्न आवश्यक नीतिहरू अवलम्वन गरिनेछ।

२८. नश्ल सुधार कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक नीति अवलम्बन गरिनेछ।

२९. आधुनिक व्यावसायिक भेडा,बाख्रा,गाई,भैंसी, बंगुर, च्याङ्गरा, चौरी लगायत अन्य पशुपंक्षी फर्मको विकास गर्न जोड दिइनेछ।

३०. हिउँदमा पशुहरुको आहारा आपूर्तिको लागि स्थानीय पोषिला घाँसहरुको पहिचान रसंरक्षण गरी स्थानीय स्रोत साधनबाट पौष्टिक आहारको प्रवर्द्धन गरिनेछ।

३१. यस गाउँपालिकामा आवश्यकता अनुसार आधुनिक बधशाला निर्माण गर्न पहल गरिनेछ।

३२. गाउँपालिकाका प्रत्येक वडामा पशु स्वास्थ्य सेवा सुनिश्चत गर्न निजी पाराभेट र ग्रामीण स्वास्थ्य कार्यकर्ताहरु परिचालनमा गाउँपालिकाको संलग्नतालाई प्रोत्साहन गरिनेछ।

३३. गाउँपालिका स्तरीय घुम्ती शिविर संचालन गर्न आवश्यक पहल गरिने छ र पशु विमा गर्न सकिनेछ।

**सहकारी**

३४. स्थानीय सहकारी ऐन तर्जुमा गर्ने र स्थानीय तहमा हस्तान्तरण भईसकेका सहकारी संस्थाहरु, दर्ता हुन आउने संस्थाहरुको सञ्चालन, नवीकरण, नियमन र खारेजी गरिनेछ।

३५. स्थानीय तहको दिगो र समतामूलक आर्थिक विकास तथा अग्रगामी सामाजिक रुपान्तरणका लागि सवल र सक्षम सहकारी प्रणालीलाई विकास गर्न आवश्यक नीति अवलम्बन गरिनेछ।

३६. स्थानीय श्रम, सीप र पूँजीलाई अधिकतम रुपमा परिचालन गर्ने गरी सहकारीलाई अर्थतन्त्रको एक सवल स्तम्भको रुपमा विकसित गर्दै आर्थिक तथा साकाजिक विकासको लक्ष्यमा योगदान पुर्याउने नीति लिईनेछ।

३७. शिक्षा तालिम र सूचनाको माध्यमबाट सहकारीको संस्थागत क्षमता विकास र सहकारी सम्बन्धी जनचेतना अभिबृद्धि गरिनेछ।

३८. कृषि क्षेत्र लगायत अन्य उत्पादन तथा सेवामा आधारित सबै प्रकारका व्यवसायमा सहकारीलाई क्रियाशील तुल्याईनेछ।

३९. सहकारीको विकास, विस्तार र प्रवर्द्धनको लागि दीर्घकालीन योजना, मानव संशाधन विकास, आवश्यक सांगठनिक संरचनाको निर्माण एवम् कानुनी व्यवस्थाहरु तय गर्न आवश्यक नीति अवलम्बन गरिनेछ।

४०. सहकारी क्षेत्रको विकासका लागि सरकारी तथा गैर सरकारी संस्था, नीजी क्षेत्र तथा विकास साझेदारहरु बीच सहकार्य र सहयोगलाई प्रवर्द्धन गर्ने नीति लिईनेछ।

४१. सहकारी प्रवर्द्धित उद्योग व्यवसायको विकास तथा विस्तार गर्दै सहकारी क्षेत्रलाई प्रतिस्पर्धी, प्रभावकारी एवम् गुणस्तरीय बनाउन आवश्यक नीति अवलम्बन गरिनेछ।

४२. महिला, गरीब, अपाङ्ग, सीमान्तकृत, भूमिहीन तथा पिछडिएका वर्ग र श्रमिकहरुका साथै आम नागरिकहरुको जीवनस्तरमा सुधार ल्याउन सहकारीको पहुँच अभिवृद्धि गरिनेछ।

**उद्योग**

४३. स्थानीय उद्यम तथा व्यवसाय लाइ आवश्यक पर्ने कच्चा पदार्थको व्यवस्थापन गरि उत्पादित बस्तु र सेवाको निर्यात तथा वस्तुको बजारीकरणमा विशेष व्यवस्था गरिनेछ।

४४. सभापोखरी गाउँपालिकामा संचालनमा रहेका सहकारी मार्फत सञ्चालित जडिबुट्टी तथा कृषिजन्य उद्योगहरुलाई बढावा दिइनेछ।

४५. यस गाउँपालिकामा भित्र घरेलु तथा साना उद्योगको विस्तार गरिनेछ। स्थानीय सीप, स्रोत र साधनलाई प्रयोग गरी राडीपाखी, खाँडी, अल्लो, ढाका जस्ता उत्पादन गर्ने लक्षित वर्गलाई अनुदानको व्यवस्था गरिनेछ।

४६. यस गाउँपालिकामा बाँसजन्य उत्पादनलाई व्यवसायीकरण गर्न सीपमूलक तालिम सञ्चालन गर्न आवश्यक प्रबन्ध मिलाईनेछ।

४७. काठजन्य उद्योगलाई प्रवर्द्धन र व्यवस्थित गर्न आवश्यक नीति अवलम्बन गरिनेछ।

४८. औद्योगीक ग्राम स्थापना गर्ने नीति ल्याइनेछ।

**रोजगार प्रवर्द्धन**

४९. रोजगार प्रवर्द्धनका लागि भैरहेका उद्धमीहरुको संरक्षण र नयाँ उद्यमी श्रृजनाका लागि लघु उद्यम विकास कार्यक्रम लाइ युवा रोजगारी सँग जोडीने छ ।

५०. नयाँ लघु उद्यमी श्रृजनाका लागि व्यावसायिक सचेतना तालिम कार्यक्रमहरुलाइ निरन्तरता दिइने छ ।

५१. लघु उद्यम र उद्यमशिलताको वातावरण श्रृजना गरिने छ ।

५२. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रमको लगत संकलन गर्ने, पहिचान गर्ने र कार्यान्वयन गर्ने कार्यलाई विशेष जोड दिईनेछ ।

५३. **एक परिवार एक रोजगार** नीति अवलम्बन गरी प्रत्येक परिवारलाई आर्थिक समृद्धिको बाटो तर्फ उन्मूख गराईनेछ ।

५४. स्वरोजगार कार्यक्रमलाई प्रोत्साहन गरी स्थानीय उद्यमशिलतालाई जोड दिने कार्यक्रमहरुलाई मुख्य प्राथमिकतामा राखिनेछ ।

५५. गाउँपालिकाबाट विनियोजित योजनाहरुबाट प्रत्यक्ष लाभग्राहीहरु स्थानीयबासी हुने र स्थानीयबासीमा रोजगारी सिर्जना हुने अवस्थामा उक्त आयोजनाहरु उपभोक्ता समितिबाट सञ्चालन गरिनेछ ।

५६. बैदेशिक रोजगारीको अनुभव प्राप्त गरी स्वदेश फर्केका मानव संशाधनलाई स्वरोजगारमूलक, आयमूलक तथा उत्पादनमूलक उद्योग, पेशा तथा व्यवसायमा आकर्षित गरिनेछ ।

५७. गाउँपालिकाबाट स्वीकृति प्राप्त गरी विभिन्न क्षेत्रमा सीप तथा क्षमतामूलक कार्यक्रमहरु सञ्चालन गर्ने प्रस्तावना पेश भएको खण्डमा उक्त कार्यक्रम सञ्चालन गरिने क्षेत्रहरुसँग समन्वय गरेरे दोहोरोपन नआउनेगरी क्षेत्रहरु निर्धारण गरिनेछ ।

५८. वैदेशिक रोजगारीबाट आर्जित पूँजी, सीप, अनुभवको प्रयोग गरी स्वदेशमा उद्यमशीलता प्रवर्द्धन क्षेत्रमा लगानी गरी योगदान दिने उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ ।

**गरीबी न्यूनीकरण**

५९. गरीवी लाइ उद्यम र उत्पादकत्व सँग जोड दिइ आवश्यक कार्यक्रम तय गरिने छ ।

६०. आर्थिक रुपले विपन्न व्यक्तिहरुलाई उनिहरुको आवश्यकता र रुची अनुसारका विभिन्न किसिमका आयमूलक सीप विकासका अवसरहरु प्रदान गरी गरीबी निवारणका लागि आवश्यक कार्यहरु गरिनेछ ।

**राजस्व**

६१. गाउँपालिका क्षेत्रमा करको दायरालाई फराकिलो पार्न यस क्षेत्रमा पाइने वन पैदावार, घरेलु उत्पादित वस्तु तथा सामाग्री, अन्तर्राष्ट्रिय आयात निर्यातका वस्तुहरु, ढुङ्गा, गिटी, बालुवाको प्रयोगलाई करको दायरामा ल्याइनेछ ।

६२. सभापोखरी गाउँपालिका क्षेत्रका सबै व्यवसायीहरुलाई अनिवार्य व्यवसाय दर्ता गराई करको दायरामा ल्याइनेछ ।

६३. कर योग्य क्षेत्रहरूको पहिचान गरि करको दायरालाई फराकिलो बनाईनेछ ।

६४. करको दरमा समायनुकुल परिमार्जन गरिनेछ ।

६५. एकिकृत सम्पतिको दायरा फराकिलो वनाईनेछ ।

६६. प्रत्यक्ष वातावरणमा प्रभावपार्ने हाइड्रोपावरहरुलाई पालिकाभित्र प्रभावित परेकोले करको दयरामा ल्याइप्रभावित क्षेत्रमानै व्यवस्थापन गर्ने नीति ल्याइने छ।

## गुनासो सुनुवाई

६७. कार्यालयमा प्राप्त लिखित तथा मौखित उजुरी तथा गुनासाहरूलाई तत्काल सम्बोधन गरिनेछ।

६८. गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा रहेको उजुरीपेटिकालाई द्वैमासिक रुपमा खोली प्राप्त उजुरी तथा गुनासोहरुलाई आवश्यक सम्बोधन गरिनेछ।

६९. पालिका सम्म आउन नसक्नेहरुको लागि टोल वस्ति तथा वडाहरुमा गुनासो सिविर समेत संचालन गर्न सकिनेछ।

## न्याय तथा कानूनी मामिला

### न्याय

७०. वडा स्तरका सर्व साधारणलाई न्यायमा पहुँच पुर्याउन मेलमिलाप केन्द्र गठन गरी मेलमिलापको माध्यमबाट स्थानीय विवादमा विषयहरु निरुपण गर्ने प्रक्रियालाई बढावा दिइनेछ।

७१. न्यायिक इजलासलाई व्यवस्थित गर्दै स्थानीय तहमा न्यायसम्पादनलाई चुस्त, दुरुस्त र अनुमानयोग्य तुल्याउन आवश्यक रणनीति, कार्यनीति अवलम्बन गरिनेछ।

७२. सभापोखरी न्यायिक समितिको कार्यालयलाई थप व्यवस्थि बनाउदै लगिनेछ।

७३. स्थानीय समुदाय, टोलबासि लगायत जनप्रतिनिधिहरुलाई मेलमिलाप सम्बन्धी आधाभुत तालिमको व्यवस्था मिलाइनेछ।

७४. प्राकृतिक श्रोतमा आधारीत विवाद समाधान तथा दोन्द्व रुपान्तरणको लागि सम्बन्धित संस्था लाई पालिकामा सूचिकृत गरि प्ररिचालनमा गर्न सकिनेछ।

७५. मेलमिलाप सम्बन्धी तालिम लिएका जनशक्तीहरुको अभिलेख तयार गरि सूचिकृत गरि पुनर ताजकी तालिम पश्चात सेवा प्रवाहमा आवश्यक सहयोगमा प्रवन्ध मिलाइनेछ।

७६. पालिका स्तरिय मेलमिलाप कोष स्थापना गरिने छ।

७७. पालिका स्तरमा मनोपरमर्श दाता उत्पादन गर्न उपयुक्त कार्यक्रमहरु अगाडी बढाइनेछन।

७८. माद्य्यमिक विद्यायमा स्टाफ नर्ष स्वास्थ्य शिक्षिका व्यवस्थापका लागि संघ र प्रदेशमा माग गरिनेछ।

### कानून

७९. सभापोखरी गाउँपालिकाबाट पारित तथा अनुमोदन भएका ऐन, नियमावली, कार्यविधि लगायतका कानूनहरुलाई स्थानीय राजपत्र तथा वेबसाईटमा प्रकाशन गरी नियमित रुपमा सार्वजनिकीकरण गरिनेछ।

८०. सभापोखरी गाउँपालिकाबाट पारित तथा अनुमोदन भएका ऐन, नियमावली, विनियम, कार्यविधि लगायतका कानूनहरुलाई कार्यन्वयन गर्ने गराईनेछ, आवश्यकता अनुसार छलफल गरि नियम बमोजिम संशोधन गर्ने थप आवश्यक ऐन तथा कार्यविधि निर्माण गरिनेछ।

८१. विषयगत समितिले पेश गरेको प्रतिवेदनको आधारमा कार्पालिकाले छलफल गरि निर्णय लिने नीति तयार गरिनेछ।

८२. वजेट विनियोजन गर्दा निर्देशिका बमोजिम गर्न आवश्यक पहल गरिनेछ।

**मानव अधिकार**

८३. मानव अधिकारको संरक्षण, बाल अधिकारको संरक्षण, घरेलु हिंसाको लगायतका कार्यहरूलाई नियन्त्रण गर्न विषेश जोड दिईनेछ।

८४. हिंसा रोकथाम गर्ने क्रममा पिडित पुरुषहरुको विषयमा संबोधन गरिनेछ।

८५. मानव अधिकारको संरक्षण, बाल अधिकारको संरक्षण, घरेलु हिंसाको अन्त्य गर्न सामाजिक तथा आर्थिक विकास शाखा तथा कानुनी मामिला इकाइ मार्फत विशेष कार्यक्रम तय गरिनेछ।

८६. हिंसामा परेका बेसाहारा महिलाहरुलाई सेफहाउस भएको स्थान सम्म पठाउन सहयोग गर्ने नीति अवलम्बन गरिनेछ।

८७. किशोरिहरुलाई आत्मारक्षा तालिममा सहयोग र बेसाहारा सडक बालबालिकाहरुलाई व्यवस्थापन गर्ने नीति ल्याइनेछ।

## पूर्वाधार विकास

**सडक तथा यातायात र भवन**

८८. सभापोखरी गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि DPR तयार गरी निर्माण कार्यको थालनी गरिनेछ।

८९. सभापोखरी गा. पा. देखी जिल्ला सदरमुकाम खादबारी जोड्ने बाह्रबिसे - डके - खाँदबारी सडक खण्डलाई सभापोखरी गौरवका सडक सञ्जालको रुपमा विकास गरि बाह्रै महिना यातायातका साधनहरू सहजरूपमा आवत जावतको व्यवस्था गर्न सडकको स्तरोन्नतिलाई निरन्तरता दिइनेछ।

९०. सभापोखरी गाउँपालिकामा निर्माणधिन ५ शैयाको अस्पताल निर्माण कार्यलाई तिब्रता दिईनेछ।

९१. सभापोखरी गाउँपालिकाको सबै वडाहरु तथा टोलहरुलाई समेट्ने गरी सडक विस्तार भईरहेको मोटरबाटोलाई रणनीतिक महत्वको मोटरबाटोको स्तरोन्नति गरी बाह्र महिना चल्ने बनाइनेछ ।गाउँपालिका क्षेत्रमा रहेका सडकलाई वर्षैभरी सञ्चालन गर्नका लागि प्रधानमन्त्रि रोजगार कार्यक्रम लगायतका कार्यक्रमहरूलाई परिचालन गरिनेछ।

९२. सडक पहुँच नपुगेका क्षेत्रहरुमा नयाँ ट्रयाक खोली सडक विस्तार गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

९३. बाह्रबिसे-डके-खाँदबारी सदरमुकाम जोड्ने सडक स्तरोन्नतिका लागि प्रदेश सरकार, संघीय सरकार संग समन्वय गरि सडक खण्ड ग्राभेल, कालोपत्रे तथा स्तरोन्नति गर्ने नीति लिइनेछ।

९४. गाउँपालिकाका महत्वका आयोजनाहरू सडक, पुल, भवन, सिंचाई, खानेपानी, पर्यटन र अन्य विकासका आयोजनाहरूको सम्भाव्यता अध्ययन, वातावरण प्रभाव मूल्याङ्कन र डि.पी.आर तयार गरि प्रदेश सरकार, केन्द्र सरकारमा आयोजना माग पेश गरिनेछ।

९५. गाउँपालिका स्तरिय ठुला आयोजनाहरू पालिका आफैले प्रदेश र केन्द्र सरकार संग समन्वय गरी सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

९६. पालिका भित्र आवश्यक मोटरेवल पुल निर्माणका लागि डि.पि.आर. तयार गरी संघ र प्रदेश सरकारमा आवश्यक बजेट तथा योजनाका माग गरी निर्माण कार्य अगाडी बढाईनेछ। साथै झो.पु. निर्माण गर्न संघ र प्रदेश सरकारमा समन्वय गरि बजेट ब्यवस्थापन गर्ने नीति निर्माण गरिनेछ।

**जलविद्युत**

९७. नदीनाला र खोलाको स्रोत र सही ठाउँ पहिचान गरी बृहत् जलविद्युत आयोजना छनौट गरी केन्द्रीय प्रसारण लाईनसँग ग्रिड जडान गरी गाउँपालिकाको सबै वडा तथा टोलहरुमा पुऱ्याउन पहल गरिनेछ।

९८. ठूला जलविद्युत आयोजना कार्यान्वयनमा आउनु अगाडि साना जलविद्युत आयोजनालाई पनि सुदृढ गरी विद्युत प्रत्येक वस्तीमा सूचारु गरिनेछ।

९९. सभाखोला लघु जल विद्युत, चिण्डेखोला लघु जल विद्युत लाई मर्मत स्तरोन्नति गरिनेछ।

१००. यस गाउँपालिका भित्र निर्माणाधिन हाइड्रो पावरहरुबाट प्रभावित जनताहरुलाई सेवा सुविधा तथा अधिकारहरु उपलब्ध गराउन आवश्यक पहल गरि सेवा सुविधा सूनिश्चित गरिनेछ।

१०१. विद्युतिय केन्द्रिय सेवा पुग्न बाँकी रहेको ठाउमा संघ र प्रदेश सरकार सँग पहल गरि सहयोग पुऱ्याइनेछ।

**सूचना तथा सञ्चार प्रविधि**

१०२. दूर सञ्चार सेवालाई प्रभावकारी बनाउन हाल सञ्चालनमा रहेको टेलिकमका टावरहरुको स्तरोन्नती तथा आवश्यकता अनुसार थप टावरको निर्माणमा जोड दिई मोवाईल तथा 4G नेटवर्कलाई चुस्त दुरुस्त बनाउन आवश्यक कार्यहरु अगाडी बढाईनेछ।

१०३. डिजिटल सभापोखरी गाउँपालिकाको अभियानलाई साकार बनाउन प्रत्येक वडाहरुमा इन्टरनेट सेवा विस्तार गरिस्तरोन्नति गरिनेछ।

१०४. शैक्षिक क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिलाई समायोजन गर्दै तालिम तथा शैक्षिक गुणस्तर अभिवृद्धिको लागि विशेष कार्यक्रमहरु तर्जुमा गरी लागू गरिनेछ।

१०५. कार्यालय कामकाजमा प्रयोग गरिदैं आएका ASCII फन्टहरु (जस्तैः कान्तिपुर, प्रिति, प्रतिमा ईत्यादी) लाई पूर्ण रुपमा विस्थापित गरी नेपाली युनिकोड अनिवार्य रुपमा लागु गरिनेछ । हस्तलिखित दस्ताबेजहरुको स्थानमा कम्प्युटराइज्ड कागजातहरुको मात्र प्रयोग गरिनेछ।

१०६. डिजिटल नोटिस बोर्ड, LED नोटिसबोर्डको प्रयोग गरी गाउँपालिकामा भइरहेका विभिन्न गतिविधिहरु निरन्तर अद्यावधिक गरिनेछ।

१०७. Biometric Attendance System ले Manual Attendance System लाई विस्थापित गरी प्रशासनिक चुस्ततालाई कायम गरिनेछ।

१०८. कार्यालयको गतिविधिहरुलाई निरन्तर सूचना प्रवाह गर्न सामाजिक सञ्जालहरु फेसबुक, ट्विटर, युट्युबमा आधिकारिक एकाउण्ट खोली प्रयोगमा ल्याइनेछ।

१०९. Paperless Office को अवधारणालाई लागु गर्न गाउँपालिकामा हुने तथा गरिने सम्पूर्ण क्रियाकलापहरुको सफ्ट कपि सूचना तथा अभिलेख केन्द्रमा डिजिटल भण्डारण गरिने व्यवस्था मिलाइनेछ।

**एफ. एम.**

११०. एफ.एम. रेडियो सञ्चालन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि स्वीकृत गरी स्थानीय स्तरमा १०० वाटसम्मको रेडियोको अनुमति, दर्ता, नवीकरण, सञ्चालन र नियमन गरिनेछ।

१११. स्थानीय सूचना प्रभाहको लागि स्थानीय एफ.एम. हरु सँग समन्वय गरी सहकारीको माध्यबाट प्रभावकारी बनाइनेछ।

**खानेपानी व्यवस्थापन**

११२. गाउँपालिका भरी स्वच्छ, सफा खानेपानीको व्यवस्था गर्न एक घर, एक धारा खानेपानी उपलब्धताको लागि विकासका साझेदारहरुको सहयोग र समन्वयमा थप कार्यक्रमहरु सञ्चालन गरिनेछ।

११३. खानेपानी आयोजनाहरु सञ्चालन गर्दा विगतमा सुरु गरिएका क्रमागत आयोजनाहरुलाई प्राथमिकता राख्दै थप सम्भावना र आवश्यकतालाई मध्यनजर गरी कार्यक्रम तर्जूमा गरिनेछ।

११४. स्थानीय स्तरमा प्रकृतिक पानीका श्रोतहरु संरक्षण गरिनेछ।

**सार्वजनिक सहकारी निजी साझेदारी**

११५. सभापोखरी गाउँपालिकाले आ.व. २०७९/०८० मा विभिन्न विषयक्षेत्रगत कार्यक्रमहरु सञ्चालन गर्दा सहकारी र निजी क्षेत्रसँग साझेदारी गर्न सक्नेछ। यसका लागि सभापोखरी गाउँपालिकाले एक समपूरक कोष खडा गर्नेछ।

**भवन तथा भवन संहिता**

११६. सभापोखरी गाउँपालिकामा स्वच्छ, हराभरा, स्वस्थ्य तथा दीगो शहरी विकासको लागिभवन निर्माण मापदण्ड लागु गरिनेछ।

११७. नयाँ भवन निर्माण गर्दा भूकम्प प्रतिरोधी र काठको मात्रा कम हुने गरी लागत अनुमान (Design estimate) तयार गरिनेछ।

११८. भू-कम्पको जोखिमलाई मध्यनजर गरी नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको वस्ती विकास सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन, २०७२ लाई सार्वजनिक भवनहरुमा अनिवार्य लागु गरिनेछ भने नीजी भवनहरुमा क्रमिक रुपमा लागु गरिनेछ।

११९. गाउँपालिका क्षेत्रमा अनधिकृत रुपमा गरिने प्लटिङ (Plotting) लाई पूर्ण रुपमा निरुत्साहन गरिनेछ।

१२०. हाल सम्म निर्माण भएका घरहरुलाई पनि नक्सा पास गर्न लगाई व्यवस्थित गरिनेछ।

**निर्माण इजाजत**

१२१. "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधिलाई आवश्यक सशोधन गरी निर्माण व्यवसायीको पारदर्शिता, स्वच्छता, इमान्दारिता, जवाफदेहिता, विश्वसनियता तथा भेदभावरहित प्रतिस्पर्धाको विकास गरिनेछ।

**जग्गा नापी तथा नक्शा**

१२२. गाउँपालिकामा बन्ने सार्वजनिक, संस्थागत तथा नीजी भवन संरचनाको नक्शा पास गर्नुपर्ने प्रावधानलाई तुरुन्त लागु गरिनेछ।

१२३. सार्वजनिक तथा ऐलानी जग्गा, घर लगायतका सम्पत्तिहरुको अद्यावधिक अभिलेख राखी उपयोगको व्यवस्था मिलाइनेछ।

१२४. सभापोखरी गाउँपालिका भित्र रहेका भुमिहिन गरिव सुकुमवासिहरुलाई जग्गा व्यवस्थापन गरि लालपुर्जा वितरणको व्यवस्था मिलाइनेछ।

**भू-उपयोग**

१२५. जमिनको स्वरुप, प्रकृति तथा जलवायुको आधारमा वर्गीकरण गरी भू-उपयोगको वैज्ञानिक नीति अवलम्बन गरिनेछ।

१२६. सभापोखरी गाउँपालिकाको समग्र भूमिलाई आधारभूत रुपमा कृषि क्षेत्र, आवासीय क्षेत्र, व्यवसायिक क्षेत्र, औद्योगिक क्षेत्र, धार्मिक वन क्षेत्र, साँस्कृतिक तथा पुरातात्विक क्षेत्र, पर्यटन क्षेत्र, नदी तथा तालतलैया क्षेत्र, वन क्षेत्र, सार्वजनि उपयोग तथा खुला क्षेत्र, निर्माण सामाग्री (ढुंङ्गा, बालुवा गिट्टी) उत्खनन क्षेत्र लगायतका विभिन्न भू-उपयोगका क्षेत्रहरु (Land Use Zone) मा वर्गीकरण गरिनेछ।

१२७. कृषियोग्य भूमिको गैर कृषि प्रयोग, कृषि भूमिलाई बाँझो राख्ने प्रवृति र अनियन्त्रित खण्डिकरणलाई निरुत्साहित गर्दै कृषि योग्य भूमिको समुचित उपयोग एवम् संरक्षण सुनिश्चित गरिनेछ।

१२८. वन तथा अन्य प्राकृतिक सम्पदाको संरक्षण एवम् समुचित उपयोग सुनिश्चित गरिनेछ।

१२९. जोखिम भएको क्षेत्रमा तटवन्दन गरिने नीति ल्याइनेछ।

**वस्ती विकास**

१३०. एकीकृत वस्ती विकासको अवधारणालाई वस्ती विकास कार्यक्रम तय गरी लागु गर्न दीर्घकालीन रणनीति बनाइनेछ।

१३१. प्राकृतिक प्रकोपको जोखिम न्यूनिकरण तथा व्यवस्थापनमा सामुदायिक क्षमता विकास तथा जोखिमयुक्त वस्तीको पहिचान गरी वस्ती स्थानान्तरण गर्न आवश्यक कदम चालिनेछ।

१३२. सभापोखरी गाउँपालिकामा शवदाह शंकार स्थललाई व्यवस्थित गर्दै लगिनेछ। शवदाहस्थलबाट हुने वातावरण प्रदुषणलाई न्यूनीकरण गर्न आधुनिक प्रविधि क्रेमोटोरियम (Crematorium) को प्रयोग क्रमिक रुपमा गरिनेछ।

१३३. बजार क्षेत्रहरुमा बैकल्पिक उर्जा सहित सडक बत्ति र नमुना बजार बनाउने नीति ल्याइनेछ।

**योजना तथा अनुगमन**

**उपभोक्ता समिति परिचालन**

१३४. आवश्कता अनुसार वडा समितिको मातहामा टोलविकास समिति गठन गरि उक्त संस्थामार्फत योजना संचालन तथा अनुगमन गर्न प्राथमिकता दिइनेछ।

१३५. योजना बैंकको अवधारणा कार्यान्वयनका लागि आवश्यक कार्य गरिने छ।

१३६. उपभोक्ता समितिबाट योजना सञ्चालन गर्दा १०% लागत सहभागितालाई लागु गराउने नीति लिईनेछ।

१३७. समितिले काम सम्पन्न गरिसकेपछि बाँकी रहन गएका खप्ने सामानहरु मर्मत सम्भार समिति गठन भएको भए सो समितिलाई र सो नभए गाउँ कार्यपालिकाको कार्यालयलाई बुझाउनु पर्नेछ। तर मर्मत सम्भार समितिलाई बुझाएको सामानको विवरणको एक प्रति गाउँ कार्यपालिकाको कार्यालयमा जानकारीको लागि बुझाउनुपर्नेछ।

१३८. गाउँपालिका स्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति तथा वडा स्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिबाट निरन्तर आयोजना अनुगमन हुनेछ । यसप्रकार उपर्युक्त समितिहरुले राय सहितको प्रतिवेदन तयार गर्नेछ ।

१३९. एक समितिमा एकाघरका एक जना मात्र सदस्य समितिमा बस्न पाउने छ ।

१४०. उपभोक्ता समितिबाट वा टोल विकास समितिबाट आयोजना सञ्चालन गर्दा गाउँ कार्यपालिकाको कार्यालयले तोकिएको शुल्क प्राप्त गरी सम्बन्धित उपभोक्ता समितिलाई योजनासम्बद्ध कागजातहरु सहितको फाराम उपलब्ध गराउनेछ ।

१४१. उपभोक्ता समितिलाई वा टोल विकास समितिलाई योजना सम्झौता भएपश्चात कार्यादेश प्रदान गर्नुअघि गाउँ कार्यपालिकाको कार्यालयबाट अनुशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

## अनुगमन

१४२. सभापोखरी गाउँपालिकाबाट सञ्चालन गरिने विभिन्न योजनाहरुलाई वडा स्तरीय तथा गाउँपालिका स्तरीय अनुगमन समितिबाट गरिनेछ ।

१४३. अनुगमन सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन गाउँ कार्यपालिकाको कार्यालयको भूमिकालाई सबल, सक्षम तथा प्रभावकारी बनाइनेछ ।

## वातावरण तथा विपद् व्यवस्थापन

### वन

१४४. उपलब्ध बन क्षेत्रबाट सभापोखरी गाउँपालिकाको कुल ग्रार्हस्थ उत्पादनमा सार्थक योगदान हुने सक्ने यथार्थलाई स्वीकार गर्दै वन क्षेत्रबाट रोजगारी सृजना गर्ने गरी एक बन एक उपभोक्ता समुहको स्थापना गरिनेछ ।

१४५. सभापोखरी गाउँपालिकामा रहेका तालतलैया र सिमसार क्षेत्रलाई संरक्षण र संबर्द्धन कार्यक्रम संचालन गरी पर्यटकीय गन्तव्य क्षेत्रको रुपमा विकास गरिनेछ ।

१४६. सभापोखरी गाउँपालिकाको समृद्धिको लागि वन जंगलको सदुपयोग गर्ने नीति अगाडि बढाइनेछ । वन व्यवस्थापनको कार्यक्रम अन्तर्गत वनजन्य पदार्थ उत्पादन र सदुपयोग गर्ने कार्यक्रम अघि बढाइनेछ ।

१४७. गाँउपालिका भित्र जडिबुटी लगायतका वन पैदावरमा आधारित उद्योग स्थापना गरिनेछ । यस्ता उद्योगमा सरकारी, निजी, सहकारी र समुदायिक साझेदारी रहनेछ ।

१४८. विकासात्मक गतिविधिहरु सञ्चालन गर्दा सडक क्षेत्रहरु आसपासमा वृक्षरोपण गरी सम्बन्धि सामुदायिक वन उपभोक्ता समुहहरुलाई विशेष सहयोग गरिनेछ ।

१४९. जैविक विविधता र प्राकृतिक स्रोतको संरक्षण लगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्धि गर्दै न्यायोचित वितरण सुनिश्चित गरिनेछ ।

१५०. सम्पुर्ण वडाहरुको सार्वजनिक खुल्ला जग्गाहरुको पहितान गरि रेकर्ड अधावद्धि गरिने छ र उक्त जग्गालाई विपदको समयमा सदुपरोग गरिनेछ ।

१५१. पालिका क्षेत्र भित्र रहेको वन संरक्षण र उपयोगको लागि सामुदायिक वन उपभोक्ता समुह गठन गर्न सहयोग तथा संरक्षण र उपयोगको लागि समुदायलाई हस्तान्तरण गर्न सहयोग गरिनेछ ।

१५२. प्राकृतिक श्रोतमा आधारित एक वन एक हरित उद्यम सूरुवात गरी प्लास्टिक न्यूनिकरण गर्दै वातावरण संरक्षण गर्न नीति ल्याइनेछ र संघ, प्रदेश र सरोकारवाला संग वजेट माग गरिनेछ।

१५३. संघ, प्रदेश र सरोकारवालाहरुमा समन्वय गरि पालिका स्तारिर नर्षरि स्थापना गर्न नीति ल्याइनेछ।

१५४. फोहोर व्यवस्थापनको लागि ठाउ पहिचान गरि डम्पिङ्ग साइट व्यवस्थित गरिनेछ।

१५५. वन तथा सामुदायिक वन व्यवस्थापनको लागि वन प्राविधिक व्यवस्थापन गरि परिचालन गरिनेछ।

१५६. जलवायु परिवर्तन जोखिम न्यनिकरण तथा अनुकुलन सम्बन्धी नीति ल्याइनेछ।

१५७. पुरात्विध संपदाको संरक्षण गरिनेछ।

१५८. विपत तथा प्रकोप प्रभावित क्षेत्रमा आइपरेको समस्याहरु समितिको सिफारिसमा मात्र कार्वाही प्रकृया अगाडी वढाउन नीति ल्याइनेछ।

१५९. जडिबुटि संकलन तथा प्रसोधनको व्यवस्था मिलाइनेछ।

**वन्यजन्तु**

१६०. सभापोखरी गाउँपालिकाको सम्पूर्ण क्षेत्रको सम्भाव्यता अध्ययन गरी वन्यजन्तु आरक्षण क्षेत्र विकासको नीति अवलम्बन गरिनेछ।

१६१. वन्यजन्य उद्योगको प्रवर्द्धन, उत्पादनको विविधिकरण र बजारीकरण मार्फत अर्थतन्त्रमा टेवा पु¥याउन वन क्षेत्रको दीगो विकास तथा संरक्षणमा नीजी क्षेत्रलाई आकर्षित गरिनेछ।

१६२. वन्यजन्तु शिकारका गतिविधिहरुलाई कडा निगरानी राखी कानूनी कारबाहीको दायरामा ल्याइनेछ।

**भू- संरक्षण**

१६३. सभापोखरी गाउँपालिकामा रहेका जोखिमयुक्त क्षेत्रहरुलाई नियन्त्रण र संरक्षण गरिनेछ।

१६४. जल तथा भूमिको संरक्षण साथै भूमिको उत्पादकत्व वृद्धि गरी कृषि उत्पादन बढाउन, सहयोग पु¥याउन जलाधार क्षेत्रको एकीकृत संरक्षण तथा व्यवस्थापन गरिनेछ।

**वातावरण**

१६५. सभापोखरी गाउँपालिका भित्र वातावरण संरक्षण र सन्तुलनको लागि एक घर पाँच विरुवा रोप्ने कार्यक्रमलाई अनिवार्य गरिनेछ। सबैभन्दा बढी विरुवा रोप्ने र हुर्काउने घरपरिवारलाई विशेष सम्मान र पुरस्कारको प्रदान गरिनेछ।

१६६. वातावरण संरक्षण गर्न वृक्षरोपण कार्यक्रम सञ्चालन गर्दारूद्राक्ष, तितेचाप, पाखासाँच, रानी चाप,लामपाते, साल, बेत, लालिगुराँस, चिमल, लौठसल्ला, धुपी, पाउलेनिया, अशोक, उत्तीस, ओखरलाई मुख्य प्राथमिकता दिइनेछ।

**पर्यावरण**

१६७. पर्यावरण संरक्षणलाई सामाजिक उत्तरदायित्वको कामको सूचीमा प्राथमिकता दिइनेछ । कार्यालय कामकाजमा कार्यालयीय गतिविधिहरु सञ्चालन गर्दा Save the Office Paper Stop को अवधारणालाई कार्यान्वयन गरि पर्यावरण अभियान सञ्चालन गरिनेछ।

१६८. प्लाष्टिक झोलाको सट्टामा कागजी झोला, जुटको झोलालाई प्रोत्साहन गरिनेछ।

१६९. जलवायु परिवर्तनमा पारिस्थिकीय प्रणाली, स्थानीय जनता र जीविकोपार्जनमा पर्न सक्ने प्रभावलाई कम गर्न न्यूनीकरण तथा अनुकूलनका कार्यक्रम सञ्चालन गरिनेछ।

**जलाधार संरक्षण**

१७०. स्वच्छ खानेपानीको मुहानहरु पहिचान तथा खोजी गरी पानीका मुहानहरुको संरक्षण गरिनेछ।

**फोहोरमैला व्यवस्थापन**

१७१. फोहोरमैलाको व्यवस्थापन गर्न स्थानान्तरण केन्द्र(Transfer Station), ल्याण्डफिल साइट, प्रशोधन प्लाण्ट, कम्पोष्ट प्लाण्ट, बायोग्याँस प्लाण्ट लगायत फोहोरमैलाको संकलन, अन्तिम विसर्जन तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्न आवश्यक नीति अवलम्बन गरिनेछ।

१७२. फोहोरमैलाको उत्पादनमा कमी ल्याउने, फोहोरमैलाको पृथकीकरण गर्ने, फोहोरमैला निष्काशन, फोहोरमैला संकलन, फोहोरमैला ढुवानी, फोहोरमैलाको न्यूनीकरण, पुनः प्रयोग, पुनः चक्रण गर्न आवश्यक कार्यक्रम तय गरिनेछ।

१७३. स्थानिय बासीहरुमा सचेतीकरण र समन्वय गरी फोहोरमैला व्यवस्थापन गरिने छ।

**विपद् व्यवस्थापन**

१७४. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना जोखिम न्यूनिकरण सम्बन्धी कार्ययोजना बनाई कार्यान्वयनमा ल्याइनेछ।

१७५. विपद् व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय समुदाय, संघ संस्था, नीजी क्षेत्रसँगको सहयोग, समन्वय र सहकार्य गरिनेछ।

१७६. प्रकोप व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोतसाधनको परिचालन गरिनेछ।

१७७. विपद् न्यूनीकरण सम्बन्धी पूर्व सूचना प्रणाली सम्बन्धी कार्यक्रमको तर्जुमा र कार्यान्वयन गरिनेछ।

१७८. विपद् पूर्व तयारी खोज तथा उद्धार राहत सामाग्रीको पूर्व भण्डारण वितरण र समन्वय गरिनेछ।

१७९. विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा वस्तीहरुको परिचालन र स्थानान्तरण गरिनेछ।

**वित्तीय व्यवस्थापन सुशासन**

१८०. सार्वजनिक पद धारण गरेका व्यक्तिले मर्यादित, मितव्ययी एवम् उदाहरणीय रुपमा प्रस्तुत भई अनुकरणीय कार्यशैलीमा प्रस्तुत हुनुपर्नेछ।

१८१. सरकारी सवारी साधन सरकारी काममा अधिकृत व्यक्ति (authorized personnel) बाट मात्र प्रयोग गरिनेछ।

**लेखांकन**

१८२. Electronic Fund Transfer (EFT) लाई आ.व. २०७९।०८० बाट अनिवार्य लागु गरिनेछ।

१८३. मासिक र त्रैमासिक रुपमा खर्च नियमित र व्यवस्थित गरिने छ।

१८४. बेरुजु लाइ घटाउन आवश्यक कार्यविधीहरुको पूर्ण पालना गरिने छ।

**वित्तीय अनुशासन**

१८५. संघीय वित्त संरचनालाई सुदृढ र सबल बनाउने राष्ट्रिय नीतिलाई टेवा पुऱ्याउन समृद्ध अर्थतन्त्र निर्माणका लागि स्थानीय राजस्व नीति अवलम्वन गरिनेछ।

१८६. करको दर बढाउनु भन्दा करको दायरा विस्तारलाई प्राथमिकता दिई करको दायरालाई थप फराकिलो बनाउँदै लगिनेछ।

१८७. आयआर्जन र व्यवसाय गर्ने चिकित्सक, इन्जिनियर, वकिल, सल्लाहकार, कलाकार, खेलाडी, विभिन्न शिक्षण संस्थामा प्राध्यापन गर्ने व्यक्तिहरु लगायत सबैलाई स्थायी लेखा नम्बर प्रदान गर्ने कार्यलाई निरन्तरता दिई करदातालाई करको दायरामा ल्याइनेछ।

१८८. करको बारेमा जानकारी दिन स्थानीय पाठक्रममा नेपालको कर प्रणाली सम्बन्धी बिषय समावेश गर्न आवश्यक समन्वय गरिनेछ।

१८९. सभापोखरी गाउँपालिका भित्र रहेका सरकारी तथा गैर सरकारी संस्था तथा संगठित समुहहरुको सामाजिक लेखा परिक्षण सार्वजनिकि करण गरिनेछ।

**वित्तीय जोखिम न्यूनीकरण**

१९०. आर्थिक दायित्व सिर्जना हुने विषयमा कुनै पनि निर्णय गर्दा स्रोतको सुनिश्चितता कायम गरेर मात्र गरिनेछ।

१९१. गाउँपालिका मातहतका कार्यालयहरु सकेसम्म व्यापारिक क्षेत्र र प्रमुख मार्गमा घर बहालमा नलिई न्यूनतम आवश्यकता र सुविधा भएको घर बहालमा लिने व्यवस्था गरिनेछ।

**सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण**

१९२. स्थानीय तह र नागरिकहरुका बीचमा दोहोरो संवाद स्थापित गर्न र त्यस्तो संवादबाट जनतालाई देश विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा स्थानीय तहको विकास निर्माण कार्य र सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारीको संस्कार बसाउन सार्वजनिक सुनुवाईको कार्यलाई व्यवस्थित गरिनेछ।

१९३. सार्वजनिक सुनुवाईका लागि सहजकर्ताको प्रबन्ध र बजेट व्यवस्था गरिनेछ।

**आन्तरिक लेखा परीक्षण तथा आन्तरीक नियन्त्रण प्रणाली**

१९४. आन्तरिक लेखा परीक्षणलाइ प्रभावकारी बनाउन नियमित रुपमा आ ले प गर्ने व्यवस्था गरिने छ।

१९५. आन्तरिक लेखा परीक्षणको माध्यमबाट सभापोखरी गाउँपालिकाको आर्थिक प्रशासन सम्बन्धी कानूनी व्यवस्था एवम् कार्यविधिहरु पालना गरी गराई वित्तीय अनुशासन कायम गरिनेछ।

१९६. आन्तरिक लेखापरीक्षण इकाईलाई अविलम्ब गठन गरी सभापोखरी गाउँपालिकाबाट निर्दिष्ट उद्देश्य हासिल गर्न गरिएको लगानी नियमित, मितव्ययी र प्रभावकारी बनाउने कार्यको थालनी गरिनेछ।

१९७. सभापोखरी गाउँपालिकाबाट गरिने आम्दानी तथा खर्च र त्यसको लेखाङ्कन प्रचलित कानूनद्वारा निर्दिष्ट प्रक्रिया अनुरुप भए वा नभएको परीक्षण गरी वित्तीय पारदर्शीता र जवाफदेहिता कायम गरिनेछ।

१९८. आन्तरिक लेखापरीक्षण सम्बन्धी सुधारका विषयवस्तुहरुलाई प्रभावकारी पार्न नीतिगत पृष्ठपोषण प्राप्त गर्ने संयन्त्रको विकास गरिनेछ।

१९९. महालेखा परीक्षकबाट हुने अन्तिम लेखा परीक्षणलाई सहयोग पुऱ्याइनेछ।

**अन्तिम लेखा परीक्षण**

२००. सभापोखरी गाउँपालिकाको विभिन्न शीर्षकमा विनियोजन भई एक आ.व. को समाप्त भइसकेपछि गरेका खर्चहरुको सम्पूर्ण फाँटबारीहरुलाई महालेखा परीक्षकको कार्यालयको स्थलगत डोर समक्ष आर्थिक ऐन, नियम, कार्यविधि एवम् औचित्य समेतको आधारमा अन्तिम लेखा परीक्षण गरिनेछ।

२०१. अन्तिम लेखापरीक्षणका क्रममा औल्याइएका त्रुटी, कमजोरीहरु सम्बन्धित कार्यालयसँग सम्पर्क गरी तत्काल प्रमाण मगाई बेरुजु फछ्यौंट गरिनेछ।

**बेरुजु फछयौट**

२०२. अन्तिम लेखापरीक्षणबाट औल्याइएका बेरुजुहरुको अद्यावधिक लगत कायम गरिनेछ।

२०३. भएको बेरुजु फछ्यौंटको लागि मातहतका कार्यालयहरु, समितिहरु तथा व्यक्तिहरुलाई ताकेता गरी प्रमाणहरु समपरीक्षणको लागि महालेखा परीक्षकको कार्यालयमा लेखापढी गराइनेछ।

२०४. महालेखा परीक्षकको विभागबाट बेरुजुको लगत कट्टा भई आएपश्चात सम्बन्धित कार्यालयहरु, समितिहरु तथा व्यक्तिहरुलाई बेरुजु लगत कट्टाको जानकारी गराइनेछ।

२०५. सभापोखरी गाउँपालिकामा आर्थिक सुशासन कायम राख्न बेरुजु फछ्यौंट समिति गठन गरी महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखा परीक्षणका क्रममा देखिएका बेरुजुहरुलाई फछ्यौंट गर्ने अभियान सञ्चालन गरिनेछ।

**सूचना तथा सञ्चार व्यवस्थापन**

२०६. सञ्चारको माध्यमलाई व्यवस्थापन गर्न, सूचना प्रवाह गर्न यस गाउँपालिकाको वेबसाइटलाईचुस्त दुरुस्त बनाईनेछ।

२०७. विकास निर्माणका सम्पूर्ण गतिबिधिहरुलाई रेडियो तथा पत्रपत्रिका मार्फत प्रचार प्रसार एवं जानकारी गराइनेछ।

२०८. अभिलेख ब्यवस्थापनमा नवीनतम सूचना प्रबिधिको प्रयोग गरिनेछ।

**संस्थागत विकास तथा सेवा प्रवाह र शुसासन**

**मानव संशाधन विकास**

२०९. सभापोखरी गाउँपालिकामा रहेको जनशक्तिको पहिचान गरी गैरसरकारी संस्थाहरुले कुनै पनि कार्यक्रमको लागि जनशक्ति छनौट गर्दा समावेशीताको सिद्दान्त, सहायता मिलान (Aid Harmonization) को सिद्दान्त अवलम्बन गर्ने नीति लिइनेछ।

२१०. गाउँपालिका स्थित सार्वजनिक निकायहरुबाट सम्पादन हुने सेवा प्रवाह तथा काम कारवाहीको उचित मूल्याङ्कन गरी पुरस्कार र दण्ड (Reward and Punishment) को व्यवस्था गरिनेछ।

२११. गाउँ कार्यपालिका र वडा कार्यालयहरुको दरबन्दी सरंचना संघीय सरकार र प्रादेशिक सरकारसँग संगठन र विकास (organization and Management) सम्बन्धी आवश्यक समन्वय, परामर्श र साझेदारी गरी सोही अनुरुप पदपूर्ति, समायोजन, दरबन्दी सिर्जना, सरुवा, बढुवा तथा वृत्ति विकास प्रणाली (career development system) लाई व्यवस्थित गरिनेछ।

२१२. संघीय तथा प्रादेशिक सरकारको अनुदानमा प्राप्त हुने योजना, परियोजना तथा जिल्ला समन्वय समितिबाट समायोजन भई आउने विभिन्न दरबन्दीका कर्मचारीहरुको यथोचित परिचालन गर्ने नीति अवलम्बन गर्नुका साथै उक्त पदहरुको कार्यबोझ, कार्यपद्दति र कर्मचारीको आवश्कता लगायतका विषयहरुको अध्ययन गरी दरबन्दी हेरफेर तथा कटौति  गर्दै जाने र स्वर्णिम विदाई (golden handshake) गर्ने सहितको मानव संशाधन व्यवस्थापन (human resource management)नीतिलाई अवलम्बन गरिनेछ ।

२१३. सभापोखरी गाउँपालिका मातहतका कर्मचारी प्रशासन सम्बन्धी विनियम, कर्मचारी कल्याण कोष, मर्मत सम्भार कोष लगायतका विनियम, निर्देशिका तथा कार्यविधिहरु तय गरिनेछ ।

२१४. वित्तिय सेवा प्रवाहलाई प्रभवाकारी बनाउनका लागि प्रत्येक पालिका बासी नागरिकहरुलाई बैंकिङ पद्धतिमा आवद्ध गर्नका लागि वडागत रुपमा बैंकिङ सचेतना सिविर सञ्चालन गर्न आवश्यक कार्य अगाडी बढाईनेछ ।

**संस्थागत क्षमता विकास**

२१५. सरकारी तथा गैरसरकारी संस्थाहरुको नीति, कार्यक्रम लगायतका विषयमा सुधार ल्याउन सूचना तथा अभिलेख केन्द्रलाई सुदृढीकरण गरिनेछ ।

२१६. गाउँपालिका स्तरमा एकिकृत सेवा केन्द्र (Integrated Service Center) को अवधारणालाई सेवा प्रवाहमा जोड्न सकिने सम्भाव्यताको अध्ययन गरी उचित कार्यक्रम तय गरिनेछ ।

२१७. कर्मचारी तथा जनप्रतिनिधहरुलाई क्षमता विकासका लागि कार्यक्रम तयार गरिनेछ ।

**संस्थागत पूर्वाधार**

२१८. गाउँपालिकाको क्षमता वृद्धि लगायतको कार्य प्रभावकारी गर्न, सेवा प्रवाह, कर्मचारी व्यवस्थापन लगायतका विषयलाई प्रभावकारी बनाउन आन्तरिक श्रोत वृद्धि गर्न कर प्रणाली(tax system)लाई फराकिलो तथा प्रभावकारी बनाइनेछ ।

२१९. विद्युतीय शासन प्रणाली(e-governance system) मार्फत सभापोखरी गाउँपालिका क्षेत्रका सबै सरकारी तथा गैरसरकारी कार्यालयहरुको काम कारवाहीहरुमा प्रभावकारिता ल्याउन कर्मचारीहरुको क्षमता विकास जस्ता कार्यक्रमहरु संचालन कार्यलाई अवलम्बन गरिनेछ ।

२२०. क्षमता विकास योजना(capacity development plan) तय गरी गाउँपालिकाको आवश्यकता र चाहना अनुरुप अवलम्वन गरिनेछ ।

२२१. सामाजिक आर्थिक उद्यमशिलताको विकास गर्दै युवा लक्षित सेवा, सुविधा र रोजगार लगायतका अवसरहरुमा वृद्धि गर्दै पलायन हुनबाट जोगाउन विभिन्न किसिमका क्षमता विकास तथा आयआर्जनका कार्यक्रमहरु सञ्चालन गर्न रोजगार सूचना केन्द्र स्थापना सम्बन्धमा आवश्यक कदम बढाइनेछ ।

**नागरिक बडापत्र तथा टोकन प्रणालि**

२२२. डिजिटल नागरिक बडापत्रको निर्माण गरी बडापत्रमा सार्वजनिक निकायबाट प्रवाह गरिने सबै सेवाहरुको लागत, समय, प्रक्रिया, सम्बन्धित अधिकारी र गुनासो सुनुवाई गर्ने प्रक्रियालाई निरन्तर अद्यावधिक गरिनेछ ।

२२३. गाउँपालिकाको कार्यालयबाट स्वीकृत कार्यक्रम, ऐन कानुन, निर्णय लगायतका सुचनाहरू वेवसाईटमा अपलोड गर्ने, बजेट तथा कार्यक्रमको खर्च सार्वजनिक गरिनेछ ।

## सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग

२२४. विद्युतीय सूचना प्रविधि सार्वजनिक सेवा प्रवाहका विभिन्न क्षेत्रहरुमा प्रयोग गरी स्वचालित सेवा प्रवाह (Auto-piloting Service Delivery) बनाउन जोड दिइनेछ।

## सुशासन

२२५. गाउँपालिका भित्रका कार्यालयहरू सार्वजनिक सेवा प्रवाह गर्दा छिटो, छरितो, चुस्त, दुरूस्त ढँगले सेवा प्रवाह गरिनेछ।

## सामाजिक विकास समिति

## शिक्षा, विज्ञान तथा प्रविधि

२२६. विद्यालयहरुको भौतिक अवस्थाको विश्लेषण गरी आवश्यक भौतिक पुर्वाधार निर्माण तथा सुदृढीकरणका लागि प्रथमिकताका आधारमा आवश्यक कार्यहरु अगाडी बढाईनेछ।

२२७. विद्यार्थी संख्याका आधारमा शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गरी गुणस्तरीय विद्यालय शिक्षा प्रवर्द्धन गरिनेछ।

२२८. सम्पुर्ण विद्यालयहरुलाई बाल मैत्री तथा प्रविधिमैत्री बनाइनेछ।

२२९. विद्यालयको आर्थिक, भौतिक, शैक्षिक तथा व्यवस्थापकीय गतिविधिका सन्दर्भमा प्र.अ., बि.व्य.स. अध्यक्ष, शिक्षक अभिभावक संघ अध्यक्ष र गाउँ शिक्षा समिति बिच गुणस्तर सुधार, जवाफदेहीता अभिबृद्धि तथा शैक्षिक सुशासन कायम गर्नका लागि समय समयमा अन्तरक्रियात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२३०. शैक्षिक क्षेत्रलाई राजनितिक हस्तक्षेपमुक्त बनाई विद्यालयलाई शान्ति क्षेत्र बनाउने नीति अवलम्बन गरिनेछ।

२३१. एक स्थानीय तह एक नमूना विद्यालयको अवधारणालाई कार्यान्वियनका लागि आवश्यक कार्य अगाडी बढाईनेछ। साथै एक स्थानीय तह एक प्राविधिक विद्यालयको अवधारणा अनुसार श्री जनज्योति मा.वि धुपूमा प्राविधिक धारको कक्षा संचालनको लागि  आवश्यक कार्यक्रमहरु अगाडी बढाइनेछ।

२३२. श्री त्रिवेणी पब्लिक क्याम्पस बाहबिसेको शैक्षिक, भौतिक तथा व्यवस्थापकीय पक्षमा सुधार गरि सभापोखरी गाउँपालिका भित्र गुणस्तरीय उच्च शिक्षामा सबैको पहुँच अभिबृद्दी गरिने छ।

२३३. विद्यालयमा अंग्रेजी माध्यममा कक्षा सञ्चालन गर्ने नीति लिईनेछ। जसका लागि आवश्यक क्षमता विकास तालिमको व्यवस्था गरी शिक्षण सिकाईलाई उपलब्धिमुलक तथा समयसापेक्ष बनाईनेछ।

२३४. सामुदायिक तथा संस्थागत विद्यालय बीचमा भएका अन्तरहरुलाई कम गर्दै एक अर्काका असल अभ्यासहरुलाई एक आपसमा आदान–प्रदान गर्न सहकार्यको वातावरण सिर्जना गर्दै लगिनेछ।

२३५. निरक्षर प्रौढ व्यक्तिहरु तथा विद्यालय उमेर समुहका विद्यालय बाहिर रहेका वालबालिकाहरुको वडागत रुपमा तथ्याङ्क संकलन गरी साक्षरता तथा विद्यार्थी भर्ना सम्बन्धी उपयुक्त कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२३६. विद्यालयको शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई सुदृढीकरण गर्नका लागि विद्यालयका प्र.अ. तथा शिक्षकहरुलाई  (IEMIS) सम्बन्धि तालीमको ब्यवस्था मिलाई विद्यालयका सम्पूर्ण तथ्याङ्कहरुलाई ब्यवस्थित ढंगले मिलाईनेछ।

२३७. विद्युतिय पहुँच नभएका विद्यालयहरुमा विद्युतको पहुँच तथा बैकल्पीक उर्जा (सोलार) को ब्यवस्था गरि इन्टरनेटको पहुँच विस्तार गर्नका लागि आवश्यक कार्यहरु गरिनेछ।

२३८. विद्यालयहरुमा विज्ञान प्रयोगशाला र पुस्तकालयको स्थापना तथा सूचना प्रविधिमैत्री शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्नका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

२३९. पठन संस्कृतीको विकास गर्नका लागि सार्वजनिक पुस्तकालयको स्थापना गर्नका लागि आवश्यक कार्य गरिनेछ।

२४०. विद्यालयलाई प्रदान गरिने विभिन्न अनुदान तथा कार्यक्रमहरुलाई लक्षित वर्ग सम्म पुर्याउनका लागि आर्थिक पारदर्शिताको नीति अवलम्बन गरिनेछ र विद्यालयको सामाजिक परिक्षणलाई अनिवार्य र अझ प्रभावकारी बनाईनेछ।

२४१. सभापोखरी गाउँपालिका अनुदान अन्तर्गतका शिक्षक तथा बाल विकास सहजकर्ता, संघिय स्रोतका बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरुलाई प्रदान गर्दै आएको तलब भत्तामा समय सापेक्ष वृद्धि गर्दै लगिनेछ।

२४२. नियमित रुपमा विद्यालयहरुको सहभागितामुलक ढंगले भौतिक, शैक्षिक, आर्थिक तथा व्यवस्थापकीय पक्षहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरी प्राप्त पृष्ठपोषणका आधारमा रणनितिहरु निर्माण तथा कार्यान्वयन गरिनेछ।

२४३. स्थानीय भाषा, धर्म, संस्कृती, रितिरिवाज, पेशा–व्यवसाय तथा पर्यटन र पर्यावरण लाई मध्यनजर गरी स्थानीय आवश्यकता र सम्भावनाहरुलाई पहिचान तथा उजागर गर्दै आधारभुत तहको स्थानीय पाठ्यक्रम निर्माण गरिनेछ।

२४४. विद्यालयमा गुणस्तरीय दिवा खाजा कार्यक्रम प्रभावकारी ढंगले कार्यान्वयनका लागि आवश्यक बजेटको व्यवस्था मिलाइनेछ।

२४५. राट्रपति शैक्षिक सुधार कार्यक्रमबाट प्राप्त भौतिक निर्माणका योजनाहरुलाई कार्यान्वयन गर्नका लागि आवश्यक बजेटको व्यवस्था मिलाइनेछ।

२४६. विद्यार्थीहरुको अन्तर्निहित क्षमताको प्रस्फुटन गरी चौतर्फी विकास गर्ने उद्देश्यले विभिन्न किसिमका अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिनेछ।

२४७. बालबालिकाहरुको शारिरिक, मानसिक, सामाजिक तथा संवेगात्मक स्थितिलाई मध्यनजर गरी विद्यालय स्वास्थ्य सचेतनामुलक कार्यक्रम, मनोपरामर्श तथा उत्प्रेरणामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२४८. विद्यालयहरुमा लैंगिक तथा समाजिक समावेशीकरणको मुल मर्म अनुसार उपयुक्त किसिमका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

२४९. विद्यालयका प्र.अ., शिक्षक तथा विद्यार्थीहरुलाई कार्यसम्पादन तथा सिकाई उपलब्धिको आधारमा प्रोत्साहनका माध्यमबाट थप उर्जा प्रदान गरिनेछ।

२५०. विद्यालयहरुमा शिक्षक–कर्मचारीहरुको नियमितता तथा प्रभावकारी शिक्षण सिकाई क्रियाकलापको लागि इ–हाजिरीलाई क्रमागत रुपमा लागु गरिनेछ।

२५१. बिद्यालयका हरेक गतिविधिमा बिद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाई अझ जिम्मेवार र जवाफदेही बनाउदै लगिनेछ।

२५२. बालबालिकाको शिक्षा प्रति अभिभावकहरुलाई जागरुक बनाउनका लागि सम्पूर्ण विद्यालयहरुमा अनिवार्य रुपमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालनका लागि आवश्यक प्रवन्ध मिलाइनेछ ।

२५३. आर्थिक अवस्था कमजोर भएका तथा असहाय बालबालिकाहरुलाई सिकाइ प्रक्रियामा सहज बनाउन विद्यार्थी पोशाक तथा शैक्षिक सामग्री कार्यक्रम लाई बिषेश प्राथमिकताका साथ अगाडी बढाईनेछ ।

२५४. सम्पुर्ण वाल विकास केन्द्रहरुको भौतिक, शैक्षिक तथा व्यवस्थापकीय सुधार गरी बाल विकास सहजकर्ताहरुको क्षमता विकासका आवश्यक तालिमको व्यवस्था गरी बालमनोविज्ञानमा आधारित शिक्षण सिकाई वातावरणको सूनिश्चितता गरिनेछ।

२५५. कक्षा १–५ मा अध्यापन गर्ने शिक्षकहरुलाई क्षमता विकास तालिम तथा कक्षा ६–८ र माध्यमिक तहमा अध्यापन गर्ने गणित, अंग्रेजी, विज्ञान, नेपाली र सामाजिक विषयका शिक्षकहरुको क्षमता विकास तालिम सञ्चालन गरी गुणस्तरीय शिक्षाको ब्यवस्था गरिनेछ ।

२५६. शिक्षण सिकाइलाई प्रभावकारी बनाइ विद्यार्थी सिकाइ उपलब्धी अभिबृद्दि गर्नका लागि अंग्रेजी, गणित, विज्ञान, नेपाली र सामाजिक विषयको तहगत रुपमा विषयगत समुह निर्माण गरी शिक्षण सिकाइका क्रममा देखिएका समस्याहरु समाधान गर्नका लागि आवश्यक प्रवन्ध मिलाइनेछ ।

२५७. गाउँपालिकाको शैक्षिक कार्यक्रमहरुमा एकरुपता कायम गर्नका लागि शैक्षिक क्यालेण्डर निर्माण र गाउँ शिक्षा योजना निर्माण गरी त्यसका आधारमा भएका कार्यक्रमलाई अझ परिष्कृत, परिमार्जित र समय सापेक्ष बनाउँदै लगिनेछ ।

२५८. विद्यालयहरुको भौतिक तथा शैक्षिक स्तरोन्नतिका लागि माथिल्ला निकाय, सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसँग सहकार्य गरी अगाडी बढ्ने नीति अपनाईनेछ ।

२५९. शैक्षिक क्षेत्रलाई मर्यादित, अनुशासित एवं व्यवस्थित बनाउन गाउँ शिक्षा समिति तथा कार्यपालिकाबाट आवश्यक नीति बनाई लागु गरिनेछ ।

२६०. विद्यार्थि, शिक्षा आवासिय छात्रवासका लागि संघ तथा प्रदेश सरकार संग समन्वय गरि व्यवस्थापन गर्ने नीति ल्याइनेछ ।

**स्वास्थ्य तथा जनसंख्या**

२६१. गाउँपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरूबाट आधारभुत औषधि उपचारको व्यवस्था सर्वसुलभ ढंगले प्रदान गरिनेछ र औषधिको पर्याप्त उपलब्धता तथा वितरण गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

२६२. गाउँपालिकाका सबै वडा र बस्तीहरुमा खानेपानी तथा शौचालयहरुको अनुगमन तथा निरीक्षण गरी आवश्यक ब्यवस्थापन गर्न पहल गरिनेछ ।

२६३. एम्बुलेन्स सेवालाई सर्वसुलभ र सबैको पहुँच योग्यबनाई सेवालाई विस्तार निरन्तरताका जनमैत्रिबनाइनेछ ।

२६४. कुपोषित जोखिम बालबालिकाहरूको लागि विशेष कार्यक्रम बाल भिटा, आर. यू टि.एफ वितरण कार्यक्रम सञ्चालन गरिनेछ ।

२६५. स्वास्थ्य सेवामा आवश्यक टेवा पुर्याउने उद्देश्यले जनताहरुलाई विषेश सेवाहरु प्रदान गर्ने नीति लिइनेछ ।

२६६. निम्न वर्गका परिवारलाई नि:शुल्क स्वास्थ्य विमा गरिनेछ ।

२६७. निशुल्क स्वास्थ्य सेवा प्रदान गरिरहेका स्वास्थ्य स्वयंम सेविकाहरूको परिचालनमा जोड दिइनेछ र निजहरूको प्रोत्साहन भत्तामा वृद्धि गरिनेछ ।

२६८. पालिका स्थित माध्यमिक विद्यालयमा अध्यनरत छात्राहरूलाई स्यानिटरि प्याड उपलब्धतालाई निरन्तरता दिइनेछ।

२६९. सभापोखरी गाउँपालिकामा स्वास्थ्य प्रयोगशाला (LAB) सञ्चालनलाई निरन्तरता दिइनेछ।

२७०. गर्भवती महिला र नवजात शिशुको स्वास्थ्य अवस्था सुधार गर्नका लागि २४ घन्टे प्रसुति सेवा सञ्चालन तथा व्यवस्थापन लागि क्षमता अभिवृद्धि गरि सेवा वर्थिङ सेन्टर थप गरिनेछ।

२७१. योग तथा व्यायामशाला निर्माण गरिनेछ।

२७२. स्वास्थ्य संस्थामा एक्स रे (x-ray) सेवाको सुरुवात गरिनेछ।

२७३. मेडिकल अफिसरबाट स्वास्थ्य संस्थाहरुमा सेवा प्रदान गर्न थालनी गरिनेछ।

२७४. ६० देखी ६८ वर्ष उमेर समुहका असाहाय एकल पुरुषलाई चाड पर्व खर्चको व्यवस्था गरिनेछ।

२७५. ८० वर्ष देखी माथीका वृद्द वृद्दा हरुलाइ ६/६ महिनामा गइ स्वास्थ्य जाँच गरिने छ।

२७६. ८५ वर्ष भन्दा माथीका बृद्द हरुलाइ चाड पर्व खर्चको व्यवस्था गरिनेछ।

**खानेपानी तथा सरसफाई**

२७७. एकीकृत जलाधार संरक्षण कार्यक्रम सञ्चालन गरी सभापोखरी गाउँपालिकाका जलाशय क्षेत्रहरुको विशेष संरक्षण गरिनेछ।

२७८. स्थानीय वातावरण अनुकूलनका वन पैदावरहरुको विस्तार, भू-क्षय नियन्त्रण र नदी मुहान तथा किनाराको संरक्षण गरिनेछ।

२७९. सभापोखरी गाउँपालिकाका जनतालाई स्वच्छ, सफा, गुणस्तरीय र दीगो रुपमा व्यवस्थापन हुने खालको खानेपानी र उचित सरसफाइको व्यवस्था मिलाइनेछ।

२८०. सभापोखरी गाउँपालिकाभित्र एक घर एक धाराको व्यवस्था गरिनेछ। खानेपानीमा पहुँच नपुगेका क्षेत्रहरुमा पाँच वर्षभित्र स्वच्छ खानेपानी उपलब्ध गराइनेछ। सुख्खाग्रस्त क्षेत्रमा लिफ्टिङ खानेपानी योजना अघि बढाइनेछ।

**संस्कृति तथा पर्यटन प्रवर्द्धन**

२८१. सभापोखरी गाउँपालिकाको साँस्कृतिक रहनसहन, परम्परा, भेषभुषा तथा विशिष्टताहरुलाई संरक्षण तथा प्रवर्द्धन गर्नआवश्यक कार्यक्रम तर्जूमा गरिनेछ।

२८२. सभापोखरी गाउँपालिकाले बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक र बहुआयामिक विशेषताहरुको संरक्षण र सम्बर्द्धन गर्ने कार्यमा जोड दिइनेछ।

२८३. सभापोखरी गाउँपालिकामा साँस्कृतिक संग्रहालयको स्थापना गर्ने सम्भाव्यता अध्ययन गरी आवश्यक कार्यक्रम तर्जूमा गरिनेछ।

२८४. सभापोखरी गाउँपालिकाका कला, साहित्य र संस्कृतिको जगेर्ना र विकास गर्न सभापोखरी गाउँपालिकाले प्रतिष्ठान स्थापना गर्न आवश्यक पहल गर्नेछ।

२८५. सभापोखरी गाउँपालिका क्षेत्र भित्र रहेका ऐतिहासिकधार्मिक तिर्थ स्थल, सास्कृतिक र पर्यटकिय क्षेत्रको अध्ययन, पहिचान गरि संरक्षण, प्रवर्द्धन र विकास गर्ने नीति लिईनेछ।

२८६. सभापोखरी गाउँपालिका भित्र रहेको ऐतिहासिक, धार्मिक, सास्कृतिक तथा पर्यटकिय क्षेत्रको धरोहरको रूपमा रहेको  बाहबिसे -त्रिवेणीधाम धार्मिक पर्यटकिय क्षेत्र, सभापोखरी धार्मिक तिर्थस्थल तथा पर्यटकिय क्षेत्र, बन्दुके धार्मिक पर्यटकिय क्षेत्र स्थलहरूको संरक्षण एवं प्रवर्द्धन गर्न गुरूयोजना बमोजिम पूर्वाधार संरचनाहरूको निर्माणलाई उच्च प्राथमिकतामा राखि विकास गरिनेछ।

२८७. धार्मिक पर्यटकिय क्षेत्रको रूपमा रहेको गोरूजुरे हिमाल, रानीढुङ्गा, सिद्धेढुङ्गा देउरालि, चप्लेवा र खेवारीङ महादेवस्थल, लामा लमेनि गुफा, बौलहा थुम्का, सेल्फि झरना, देउराली भ्यू टावर, हरेलो डाडा, गडी डाँडा, दुम्सीकुर लाइ पर्यटकीय क्षेत्रको रुपमा विकास संरक्षण र प्रवर्द्धन गरिनेछ।

२८८. सभापोखरी गा पा भित्र पर्यटकीय तथा धार्मिक स्थलहरुमा आवश्यक्ता अनुसार हेलिप्याड स्थापना कार्य अगाडी बढाइने छ।

२८९. यस गाउँपालिका भित्र रहेका देउरालिहरू, पोखरीहरू, ऐतिहासिक गढिहरू, मठमन्दिर, घाट, चर्च, गुम्बा र जातिय सस्कृति झल्किने पार्क, स्थानिय संग्रहालय सम्पदाको संरक्षण र प्रवर्द्धन गरि विकास गरिनेछ।

२९०. सभापोखरी क्षेत्र लगायतका क्षेत्रहरूमा पदमार्ग पर्यटन क्षेत्रको पहिचान गरि पर्यटन पदयात्रा विकास गरिनेछ।

२९१. पर्यटकीय गन्तव्य स्थलको रुपमा पहिचान गरिएका ठाउँहरुमा पूर्वाधार निर्माण गरी व्यवसायमा लगानी गर्न सहकारी र निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ। यसका लागि पर्यटन व्यवसायी र युवाहरुलाई पर्यटन उद्योगमा आकर्षित गर्न आवश्यक तालिम र सहुलियत ऋण उपलब्ध गराइनेछ।

२९२. निर्माणलाई उच्च प्राथमिकता दिई नेपाल पर्यटन बोर्ड, होटल एसोसियसन नेपाल, नेपाल माउन्टेनरिङ एसोसियशन, ट्रेकिङ एजेन्सिज एसोसियशन अफ नेपाल, नेपाल एसोसियशन अफ टुर एण्ड ट्राभल एजेण्टस्सँग आवश्यक समन्वय गरिनेछ।

२९३. सभापोखरी गाउँपालिकामा रहेका ऐतिहासिक तथा पर्यटकीय क्षेत्रहरुलाई जोड्ने यातायात र पदमार्गहरुलाई व्यवस्थित गरिनेछ।

२९४. प्राकृतिक प्रकोप र विपद्को समयमा मानवीय उद्धार गर्नका लागि प्रदेश सरकारसँग सहकार्य र समन्वय गरी सभापोखरी गाउँपालिकाभित्र उपयुक्त स्थानमा हेलिप्याड निर्माणको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडि बढाइनेछ।

२९५. सभापोखरी गाउँपालिकाको सामाजिक साँस्कृतिक विकासका लागि होम स्टेको अवधारणालाई सुरुवात गर्न आवश्यक कदम अगाडि बढाइनेछ।

२९६. विभिन्न मठ, मन्दिर, देविथान, गुम्वा, चर्च लगायतका धार्मिक, पर्यटकिय स्थलहरूको संरक्षण जेगर्ना र प्रवर्द्धन गरिनेछ।

२९७. आन्तरिक तथा व्याय पर्यापर्याटन अगाडी बढाउन सभाखोलाको निश्चित क्षेत्रमा माछा संरक्षण गरिनेछ।

२९८. मछिन्द्रनाथ रथयात्र सुरु गरिनेछ।

२९९. सभापोखरी तिर्थ धाममा आवज जावतका लागि केवल कार DPR को लागि संघ प्रदेश र निजि क्षेत्र सहयोग लिने नीति लिइएको छ।

३००. सहिद स्मृति पार्क, बुद्ध विहार र संग्राहलय स्थापनाको लागि आवश्यक प्रवन्ध मिलाउन संघ र प्रदेश सँग अनुरोध गरिनेछ।

**लैंगिक समानता र सामाजिक समावेशीकरण**

३०१. पालिकाभित्र रहेका महिलाहरुलाई शशक्तिकरणका लागि महिला समुहको निमार्णका लागि कार्यविधि निमार्ण गरी कार्यान्वयनमा जोड दिइने छ।

३०२. महिला समुहहरुलाई रोजगारमूलक वनाउनका लागि सिपमूलक र व्यावसायिक तालिमको व्यावस्था गरिने छ।

३०३. आयोजना छनौट तथा सञ्चालन गर्दा कम्तिमा ३० प्रतिशत महिला अपाङ्गता भएका व्यक्ति,पिछडिएका समूहलाई अनिवार्य रुपमा सहभागि गराउने नीति निमार्ण गरी कार्यान्वयनमा जोड दिइनेछ।

३०४. अपाङ्ग परिचयपत्र वितरण कार्यलाई व्यावस्थित वनाउनको लागि वजेटको व्यवस्था गरी प्रभावकारी कार्यन्वयनमा जोड दिइनेछ।

३०५. विद्यमान परिस्थितिमा समाजमा विकराल अवस्थाको रुपमा रहेका वलत्कार तथा यौनजन्य हिंसान्यूनीकरणका लागि आवश्यक नीति निमार्ण गरी कार्यान्वयनमा जोड दिइनेछ।

३०६. सभापोखरी गाउँपालिकामा जटिल समस्याको रुपमा रहेको वाल विवाह लाई न्यूनिकरण गर्नका लागि आवश्यक नीति निमार्ण गरी कार्यान्वयन गरिने।

३०७. यस गाउँपालिका भित्र रहेका सडक वालवाकिाहरुको तथ्याङ्क संकलन गरी उनिहरुको पुनर्थास्थापनाका लागि आवश्यक नीति निर्माण गरी कार्यान्वयन गरिने।

३०८. किशोरीहरुलाई वालविवाह,यौनजन्य दुर्व्यवहार, चेलिवेटी वेचविखन वारे जानकारी गराउन वजेटको व्यावस्था गरी विद्यालय र समुदायमा सचेतनामुलक कार्यक्रम सञ्चालनका निम्ति नीति निमार्ण गरी कार्यान्वयनमा गरिने।

३०९. पालिकाभित्र रहेका साहाराविहीन जेष्ठ नागरिकहरुको तथ्याङ्क संकलन गरी उनिहरुको पुनर्स्थापनाका लागि जेष्ठ नागरीक आवास केन्दस्थापनाका लागि आवश्यक नीति निर्माण गरी कार्यान्वयन गरिने।

३१०. अपाङ्गहरुको लागि विशेष नीति निर्माण गरि अव निर्माण गर्ने संरचनाहरु अपाङ्गमैत्रि वनाउने नीति ल्याइनेछ।

३११. लक्षित वर्गका (दलित, महिला, जनजाती, अल्पसंख्यक, लोपउन्मुख, सिमान्तकृत, अपाङ्ग) लागि उपलब्धिमूलक कार्यक्रमहरु संचालन गरिनेछ।

## सरकारी तथा गैर सरकारी संघ संस्था सम्वन्धी नीतिः

३१२. यस गाउँपालिकाक्षेत्रमा आफ्नो कार्यक्षेत्र बनाएका गैर सरकारी संघ संस्थाहरुलाई कार्यक्रम सञ्चालन गर्न उक्त संघ संस्थाहरुको कार्यक्रम, बजेट, समय तालिका, कार्यक्रमको औचित्य, प्रभाव, अवसर,लाभान्वित क्षेत्र समेतको विश्लेषण र मूल्याङ्कन गरेर मात्र राय सहित स्वीकृति दिईनेछ साथै गाउँ कार्यपालिकाको कार्यालयले प्रस्तावित कार्यक्रमको क्षेत्र परिवर्तन गर्न सक्नेछ र गाउँ कार्यपालिकाको कार्यालयमा एक गैरसरकारी संघ संस्था अनुगमन ईकाई गठन गरी अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ।

३१३. सभापोखरीगाउँपालिका क्षेत्रमा रहेका सरकारी निकायहरुको अनुगमन, नियमन र समन्वय कार्यलाई प्रभावकारी बनाइनेछ।

**खेलकूद तथा मनोरञ्जन**

३१४. पालिका स्तरीय खेलकुद मैदान व्यवस्थापन संघ तथा प्रदेश सरकार सँग समन्वय गरि व्यवस्थापन गर्ने नीति ल्याइनेछ।

३१५. खेल क्षेत्रलाई प्रवर्द्धन गर्नका लागि आवश्यकता, माग र उपयुक्तताका आधारमा बहुउपयोगी कवड हल निर्माण गरिनेछ।

३१६. सभापोखरी गाउँपालिकाबाट विभिन्न क्षेत्रका खेलकूद विकास गर्नका लागिआवश्यक खेलकुद क्रियाकलापहरु आयोजना गरिनेछ। सो कार्यका लागि उद्यमी, व्यवसायी, संघसंस्थाहरु, आयोजक, सह-आयोजक, प्रायोजकहरुसँग समन्वय गरिनेछ।

३१७. गाउँपालिका भित्रका यूवाहरूलाई विभिन्न खेलकुदका आयोजनाहरू सञ्चालन गर्न, ट्रेनिङको व्यवस्थापन गर्न प्रोत्साहन गरिनेछ।

३१८. समग्र खेलकुद क्षेत्रको विकास गर्न खेलकुद विकास समितिलाइ क्रियाशिल र व्यवस्थित गरिने साथै सञ्चालन तथा कार्यन्यन गर्न आवश्यक कानुन र कार्यविधी निर्माण गरिनेछ।

**साहित्य**

३१९. गाउँपालिकामा रहेका साहित्य, कला, संगित क्षेत्रमा योगदान पुर्याउने प्रतिभाहरूको संरक्षण, सम्वर्द्धन र विकासका लागी प्रोत्साहन गर्दै आवश्यक बजेटको व्यवस्था गरिनेछ।

३२०. मनोरञ्जनको क्षेत्रहरुलाई व्यवस्थित गर्न कार्यविधि तय गरिनेछ।

**विविध**

३२१. बाह्रबिसे प्रहरी चौकिको भवन निर्माण गर्नका लागि आवश्यक बजेटको व्यवस्था गर्न प्रदेश सरकार केन्द्र सरकारसंग माग पेश गरिनेछ।

३२२. प्रदेश सरकार सामाजिक विकास मन्त्रालय, स्थानिय सरकार यस सभापोखरी गाउँपालिका र करूणा फाउण्डेशनको त्रीपक्षीय साझेदारीमा सञ्चालित अपाङ्ग रोकथाम तथा पुनर्स्थापना कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन, कार्यन्वयन गर्न आवश्यक बजेट, जनशक्तिको व्यवस्थापन गरिनेछ।

३२३. विद्युत विस्तारको पहुँच भन्दा बाहिर रहेका दुर्गम क्षेत्रका बालबालिकाहरूलाई उज्यालो कार्यक्रम मार्फत विशेष सहायता कार्यक्रम सञ्चालन गरिनेछ।

३२४. आवधिक योजनाको पहिचान गरि आवधिक योजना संचालन यसै आ.व. ०७९/०८० बाट सुरु गरिनेछ

३२५. बैकल्पिक उर्जाको सामाग्री प्रयोगमा जोड दिइनेछ।

३२६. जेष्ठ नागरिकलाई उचिन सम्मान गरिने व्यवस्था मिलाइनेछ।

३२७. समुदायि प्रहरी साझेदारी कार्यक्रमलाई सहयोग गर्ने नीति लिइनेछ।

३२८. मानव विकास सूचकाङ्कको आधारमा पछाडी परेका समुदायहरुको सशक्तिकरणको र समानुपातिक विकास गर्ने लक्ष लिइनेछ।

३२९. सभापोखरी गाउँपालिका सँग सिमाना जोडिएका गाउँ तथा नगरपालिका सँग भौतिक पुर्वाधार तथा अन्य आवश्यक गतिविधि समन्वय गरि नीति अगाडी बढाइने छ।

३३०. चैनपुर बाह्रविसे सडकलाई गौरवको आयोजनामा राख्ने नीति ल्याइनेछ।

३३१. लाइसन प्राप्त गरि अनुमति लिएका खानी जन्य उद्योग हरुको अनुमन निरिक्षण गरि त्यस्ता उद्योगहरुको आवश्यक नियमन गर्ने व्यवस्था मिलाइनेछ ।

३३२. सभापोखरी गाउँपालिकाको ऐतिहासिक सास्कृतिक परिचय र वृतचित्र निर्माण गरिनेछ ।

३३३. सभापोखरी गाउँपालिकाको योजनाबद्ध ढंगले विकास गरि समृद्धि तर्फ अगाडी बढ्नका लागि पाँच वर्षे आवधिक योजना निर्माण तथा कार्यान्वयन गरिनेछ ।

## गाँउपालिकाको भौगोलिक सिमांकन

३३४. सभापोखरी गाँउपालिकाले सिमाना जोडिएको विभिन्न गाँउपालिका तथा जिल्लाहरूसंगको सिमांकन सम्बन्धमा एकिन गर्न सम्वन्धित मन्त्रालय लगायतका निकायहरू संग समन्वय गरी एकिन गरिनेछ ।

**र अन्त्यमा, सभापोखरी गाउँपालिकाको नीति तथा कार्यक्रम तय गर्न निरन्तर सहायता प्रदान गर्नुहुने हातहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु ।**

**धन्यवाद ।**

**मितिः२०७९।०३।१० गते**